स्थानीय सरकार

# कैलाश गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

कालिकाटार, मकवानपुर

बागमती प्रदेश, नेपाल

प.स.: २०८०/०८१

च.नं.:

**छात्रवृत्तिको लागि दरखास्त आव्हान सम्बन्धी सूचना।**

प्रथम पटक प्रकाशन मितिः २०८०/०८/२९

कैलाश गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को स्वीकृत नीति तथा कार्यक्रम बमोजिम यस गाउँपालिका स्थायी ठेगाना भएका वा स्थायी बसोवास गर्ने गरिव, जेहेन्दार, अपाङ्ग, सीमान्तकृत, अल्पसंख्यक, प्राविधिक छोरी बुहारी, जनआन्दोलन तथा शहिदका सन्ततिलाई स्वीकृत बजेटको अधिनमा रही छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि, २०८० बमोजिम छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम रहेकोले १५ दिन अर्थात मिति २०८०/०९/१३ गते भित्र देहायका कागजात संलग्न गरी तोकिएको ढाँचामा दरखास्त पेश गर्न हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

पेश गर्नुपर्ने कागजातहरु:

१. स्थायी ठेगाना प्रमाणित कागजात (नागरिकता प्रमाण पत्रको प्रतिलिपि),

२. माध्यमिक तहको छात्रवृत्तिको हकमा मान्यता प्राप्त सार्वजनिक/ सामुदायिक/निजी शिक्षण संस्थाबाट एस.इ.इ/एस.एल.सी. उत्तीर्ण तथा कक्षा ११ को मार्कसिट र स्नातक तहको छात्रवृत्तिको लागि कक्षा १२ उत्तीर्ण गरेको ट्रान्सक्रिप्ट, स्नातक तहको सेमेस्टरगत मार्कसिट,

३. हाल नियमित रुपमा अध्ययनरत रहेको र शिक्षण शुल्क (Tuition Fee) बुझाएको भनी अध्ययनरत शैक्षिक संस्थाले गरेको सिफारिस पत्र तथा शिक्षण शुल्कको विल,

४. अपाङ्गको हकमा गाउँपालिकाबाट प्राप्त गरेको अपाङ्गता प्रमाणपत्रको प्रतिलिपि,

५. दलितको हकमा नेपाल सरकारबाट सूचीकृत भएकोमा सोही बमोजिम हुनेछ सूचीकृत नभएको हकमा जिल्ला प्रशासन कार्यालयबाट दलित भएको प्रमाणित सिफारिसको प्रतिलिपि,

विनोद रोका
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

स्थानीय सरकार

# कैलाश गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

कालिकाटार, मकवानपुर

वागमती प्रदेश, नेपाल

प.स.: २०८०/०८१

च.नं.:

६. सीमान्तकृत तथा लोपोन्मुख वर्गको हकमा सम्बन्धित निकायको सीमान्तकृत तथा लोपोन्मुख वर्ग प्रमाणितपत्र,

७. जनआन्दोलन र शहिदका सन्ततिको हकमा जिल्ला प्रशासन कार्यालयबाट प्रमाणित भई आएको जनआन्दोलन र जनयुद्धका शहिदका सन्तति (छोराछोरी) प्रमाणित प्रमाणपत्रको प्रतिलिपि,

८. वडा कार्यालयको सिफारिस पत्र,

९. कवुलियतनामा,

१०. तोकिएको ढाँचाको आवेदन फाराम/निवेदन।

(*पुनश्चः* छात्रवृत्ति मागको आवेदन फाराम/ निवदन, कवुलियतनामा फाराम गाउँपालिकाको वेवसाइटः www.kailashmun.gov.np बाट डाउनलोड गर्न सकिनेछ।)

**थप जानकारीको लागिः**

शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख श्री दिपेन्द्र अधिकारी

सम्पर्क नं. ९८४५५०३२९४

विनोद रोका

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner